# हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# घोरेटार, भोजपुर

प.सं. प्रदेश नं. १ नेपाल

मिति: २०७७/०३/१५

**सलह किराको सम्भावित प्रकोप सम्बन्धि कृषकवर्गमा अनुरोध ।**

प्रस्तुत विषयमा मिति २०७७/०३/१३ गते नेपाल प्रवेश गरेको सलह किरा प्रदेश नं. १ को पाँचथर, खोटाङ, उदयपुर लगायतका जिल्लाहरुमा देखि सकिएको तथा यस गाउँपालिका पनि सम्भावित प्रकोपको उच्च जोखिममा रहेको हुनाले सावधानी अपनाउन एंव देखिएको खण्डमा तपशिल बमोजिम गर्नु गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ ।

तपशिल:

१. सलह किरा हेर्दा फट्याङ्ग्रा जस्तो देखिने तर आकारमा ठुला, दहा, झुण्डमा हिँड्ने, खैरो, गुलाबी तथा पहेंलो रङ्गका हुन्छन् । यस्ता किसिमका किराहरु देखिएमा तुरुन्त सम्बन्धित टोल विकास संस्था, वडा कार्यालय, गाउँपालिकाको कृषि विकास शाखामा जानकारी गराउने ।

२. करेसाबारी, प्लाष्टिक टनेल, नर्सरीमा धान, तरकारीका बेर्ना जोगाउनको लागि झुल वा जालीले ढाक्ने ।

३. ठुलो आवाज आउने वस्तुहरु जस्तै थाल ठटाउने, हर्न बजाउने तथा धुँवा लगाएर किरा धपाउन सकिन्छ ।

४. किरा राति बास बस्ने र बिहान केहि बेर घाममा बसेपछि बालीनाली खाने भएकोले त्यसरी बालीनाली खानु भन्दा अगाडि किरालाई धपाउने ।

५. विषादी प्रयोग गर्दा सामुहिक रुपमा धेरै क्षेत्रमा ओगट्ने गरि सिफारिस दरमा सम्पर्क किटनाशक विषादी प्रयोग गर्ने । जस्तैः मालाथियन ५०% ई.सि., क्लोरोपाईरिफस २०% ई.सि. ल्याम्डा साईहेलोथ्रिन ५% ई.सि. आदि । विषादीको प्रयोग गर्नुपुर्व तथा थप जानकारीको लागि हतुवागढी गाउँपालिका, कृषि विकास शाखामा सम्पर्क गर्ने (सागर पौडेल- ९८६०१२८३९७, ज्योति देवान- ९८४०२५९६२३) ।

.........................

सागर पौडेल

संयोजक, कृषि विकास शाखा

## सलह कीराको प्रकोपका सन्दर्भमा कृषि विकास निर्देशनालय, प्रदेश नं.१, विराटनगरको अनुरोध

मिति २०७७-३-१३ गते सहल कीराले नेपाल प्रवेश गरेको र बारा, पर्सा, सिन्धुली, सर्लाही, रुपन्देही लगायतका जिल्लाहरु तथा प्रदेश नं. १ को पाँचथर, उदयपुर र खोटाङ्ग जिल्लाहरुमा समेत देखिएको सन्दर्भमा यस किराले ठुलो क्षति पुऱ्याउन सक्ने भएकोले कृषकहरुले उच्च सावधानी अपनाउनु पर्ने देखिन्छ । नेपालमा मनसुन शुरु भैसकेको सन्दर्भमा यस कीराको प्रवेश हुने सम्भावना न्यून रहेको आँकलन हुँदै गर्दा मौसममा खासगरी हावाको दिशा र गतिमा अचानक आएको परिवर्तनले यो कीरा साना साना झुण्डमा छरिएर आएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ। खासगरी ठुलो झुण्डमा रहने र यसको क्षति व्यापक हुने भएको हुँदा निम्न अनुसार गर्नुहुन तथा यस किराको नियन्त्रणमा सामुहिक प्रयासमा लाग्न सहयोग गर्नुहुन सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक अपिल गरिन्छ ।

**पहिचानः**

हेर्दा फट्याङ्ग्रा जस्तो देखिने र प्रायः झुन्डमा आउने यस कीराको अवस्था, यसको एकल र झुण्डमा रहने प्रवृत्ति अनुसार रङ्ग पनि फरक फरक हुन्छन् । झुण्डमा रहने प्रवृत्तिका सलहको पहिलो अवस्थाको निम्फ(अण्डाबाट निस्केको बच्चा) कालो हुन्छ भने दोस्रोदेखि पाँचौ अवस्थाको निम्फ कालो वा पहेंलो रङ्गका हुन्छन् । अपरिपक्व वयस्क गुलाबी रङ्गको हुन्छ र परिपक्व वयस्क पहेंलो रङ्गको हुन्छ भने एकल प्रवृतिका सलहको वयस्कको रङ्ग खैरो हुन्छ । परिपक्व अवस्थाको बयस्क झण्डै चोर औंला जत्रो लामो हुन्छ । सलहको झुण्डहरु दिनको समयमा हावाको वहावसँगै प्रतिदिन १५० किलोमीटर टाढासम्म हुल बनाएर उड्न सक्दछन् । सूर्यास्त हुँदा सलहले रुख बिरुवा लगायतका स्थानहरुमा आश्रय लिन्छन् र बिहान सूर्योदय पछि १-२ घण्टा घाम तापेर त्यसपछि सकृय भई नजिकैको आहारा (कुनै पनि हरियो बाली वस्तु) खान्छन् । त्यसपछि मात्र पुनः लामो उडानमा लाग्दछन् ।

**क्षतिः**

दिनमा एउटा कीराले आफ्नो औसत शरीरको तौल बराबरको (करिब २ ग्राम) खान्छ। औसतमा एउटा सानो सलहको झुण्ड (एक मेट्रिक टन बराबरको) ले एक दिनमा बढिमा १० हात्ती वा २५०० मानिसले खाने आहारा बराबरको वनस्पतिहरु नष्ट गर्दछन् ।

**तत्कालिन नियन्त्रणः**

मानवको पहुँच भन्दा धेरै टाढा मरुभूमिमा मात्र वंश वृद्धि गर्ने, अत्यन्त चलायमान र वयस्कको विखन्डित झुण्डको रुपमा मात्र नेपाल आउने सम्भावना भएकोले एकिकृत व्यवस्थापनको विधि हाम्रो परिप्रेक्ष्यमा सान्दर्भिक छैन । सलहको झुण्ड नेपालमा प्रवेश गरेको अवस्थामा तत्काल यसको नियन्त्रणका लागि विषादीको प्रयोग बाहेक अन्य धेरै विकल्पहरु छैनन् ।

**भौतिक नियन्त्रणः**

(१) सलह धेरै पोपिलो युक्त कीरा भएकोले जालोको पासोमा संकलन गरी दाना बनाउनका लागि प्रयोग गर्न सकिन्छ ।

(२) सलह आउँदै गरेको अवस्थामा कुनै पनि माध्यम जस्तै आवाज, धुँवा, आदिको प्रयोगबाट बस्न बाधा पुऱ्याउने झुण्डलाई अन्यत्रै मोडिदिने ।

(३) नर्सरी, करेसाबारी जस्ता साना क्षेत्रफलमा हुने खेतीमा झुल वा जालीले छोपेर पनि बाली जोगाउन सकिन्छ ।

(४) प्लाष्टिक घर भित्रको बालीलाई वरिपरिबाट कीरा छेक्ने जालीले बेरेर जोगाउन सकिन्छ ।

(५) सलह देखा परेमा देखा परेको स्थानमा धुँवा आउने गरि आगो बाल्ने

(६) ठुलो आवाज आउने वस्तुहरु बजाएर ध्वनी प्रवाह गरि किरा धपाउने

(७) किरा राति बास बस्ने र बिहान केहि वेर घाममा बसेपछि वालीनाली खाने भएको हुँदा त्यसरी वालीनाली खानु भन्दा अगाडि कीरालाई धपाउने

(८) विषादी प्रयोग गर्दा सामुहिकरुपमा धेरै क्षेत्र ओगट्ने गरि सम्पर्क किटनाशक विषादी प्रयोग गर्ने ।

विषादीको प्रयोगबाट नियन्त्रण:

(१) वयस्क अवस्थामा एकाएक स्थानान्तरण गर्दै आउने भएकोले सलह नियन्त्रणको प्रभावकारी उपाय विषादीको प्रयोग नै हो । तत्काल असर गर्ने किसिमको विषादी र छर्कदा स्प्रेयरवाट मिहिन थोपा प्रवाह गर्न सक्ने एटोमाइजरको प्रयोग यसको लागि प्रभावकारी हुन्छ ।

(२) विषादी प्रयोग गरी सलहको झुण्डलाई प्रभावकारी तरीकाले नियन्त्रण गर्न सबभन्दा उपयुक्त समय भनेकै विहान (सूर्योदयको १ देखि २ घण्टा पछि) घाम तापेर बसेको अवस्था हो । यसरी विषादी प्रयोग गर्दा कीराको शरीरमा पर्ने गरी छर्कनु पर्दछ । हालसम्मको जानकारी अनुसार सलहमा विषादी पचाउन सक्ने क्षमताको विकास भएको छैन ।

(३) सलह नियन्त्रणका लागि एकै पटक धेरै क्षेत्रफलमा विषादीको प्रयोग गर्नुपर्ने भएकोले पानी मिसाउनु नपर्ने ULV (Ultra Low Volume) सविन्यास को विषादी प्रयोग गर्ने गरिन्छ । यो सविन्यासको प्रयोग गर्दा १ हेक्टर (२० रोपनी) क्षेत्रफलमा ०.५ लिटर देखि ५ लिटर विषादीको आवश्यक पर्दछ । यसका लागि एटोमाइजर जडित विशेष किसिमको नोजल भएको स्प्रेयर प्रयोग गर्नुपर्दछ । व्यापक क्षेत्रमा विषादी प्रयोग गर्न मोटर गाडी, ड्रोन, हेलीकप्टर वा जहाजको प्रयोग गर्नुपर्ने हुन्छ ।

(४) हामी कहाँ यस प्रकारका उपकरण र ULV सविन्यासको विषादी तत्काल उपलब्ध नभएकोले सलहको प्रकोप भएमा संस्थागत एवं सामुहिकरुपमा अन्य प्रकारका सविन्यासित विषादीहरुको प्रयोगबाट यसको व्यवस्थापन गर्नु पर्दछ । यसका लागि निम्न तालिका बमोजमका विषादीहरु मध्ये कुनै एक लाई उल्लेखित परिमाणमा छर्नु पर्दछ ।

| विषादीको सामान्य नाम | खास विष/हेक्टर | विषादी/लिटर पानी | विषादी/हेक्टर | तयारी घोल/हेक्टर |
|---|---|---|---|---|
| मालाथियन ५०% ई. सी | ९२५ ग्राम | ३ मिली | १८५० मिली | ६०० लिटर |
| ल्याम्डा साइहेलोथीन ५% ई.सी. | २० ग्राम | ०.७० मिली | ४०० मिली | ६०० लिटर |
| क्लोरपाइरिफोस २०% इसी | २२५ ग्राम | १.८८ मिली | ११२५ मिली | ६०० लिटर |
| डेल्टामेथ्रीन २.८% ईसी | १२५ ग्राम | ०.७५ मिली | ४५० मिली | ६०० लिटर |
| डेल्टामेथ्रीन ११% ईसी | १२५ ग्राम | ०.२० मिली | १२० मिली | ६०० लिटर |

(५) विषादी प्रयोग गर्दा अनिवार्यरुपमा सुरक्षित पहिरनको प्रयोग गर्नुका साथै विषादीको सूचकपत्रमा भएका निर्देशनहरु अनिवार्यरुपमा पालना गर्नुपर्दछ।

(६) हालको अवस्थामा धानको व्याडमा यस किराले धेरै क्षति पुर्‍याउने भएको हुँदा सकेसम्म आफ्नो व्याडको वरिपरी आगो बालेर धुँवा लगाउने र सम्भव भएसम्म व्याडलाई जालीको प्रयोग गरि छोप्ने ।

थप जानकारीका लागि सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्र वा स्थानीय तहको कृषि शाखामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।साथै ९८५२०२९५५९(श्री मुकेश यादव, प्रमुख, वाली संरक्षण प्रयोगशाला, विराटनगर र श्री सरस्वती श्रेष्ठ, वाली संरक्षण अधिकृत, कृषि विकास निर्देशनालय, विराटनगर) मा पनि सम्पर्क गर्न सकिने छ।

-सन्दर्भ सामाग्री: प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्र, हरिहरभवन, ललितपुर(जेष्ठ, २०७७) ।